# माध्यमिक विद्यालय स्थानहरू विनियोजन प्रणाली 2020/2022
# (सेप्टेम्बर 2022 मा माध्यमिक 1 मा भर्नाको लागि)
# बारम्बार सोधिने प्रश्नहरू

## स्वनिर्णयगत स्थानहरू

**(1) प्रश्न स्वनिर्णयगत स्थानहरु (DP) के हुन्?**

उत्तर DP माध्यमिक विद्यालयहरूद्वारा विद्यार्थीहरूको स्वनिर्णयमा उनीहरूको भर्नाको लागि आरक्षित माध्यमिक 1 (S1) स्थानहरू हुन्। सरकारी, अनुदानप्राप्त र क्यापुट माध्यमिक विद्यालयहरूले 30% प्रतिशत भन्दा बढी आरक्षित गर्न पाउने छैनन् र माध्यमिक विद्यालय स्थान विनियोजन (SSPA) प्रणालीमा सहभागी डाइरेक्ट सब्सिडी स्कीम (DSS) माध्यमिक विद्यालयहरूले सबै माध्यमिक विद्यालयहरुले उनीहरुको S1 स्थानको लागि 30% भन्दा बढी स्थान डीपीका DP रुपमा आरक्षित गर्न सक्छन्।

**(2) प्रश्न डीपीका लागि आवेदन दिने प्रक्रियाहरु DP के हुन्?**

उत्तर यस चक्रका लागि डीपी DP आवेदन अवधि 3 जनवरी (सोमबार) देखि 17 जनवरी 2022 (सोमबार) सम्म छ। SSPA प्रणालीमा सहभागी हुने सम्पूर्ण माध्यमिक विद्यालयहरु (सहभागि हुने माध्यमिक विद्यालयहरु) ले सोही अवधिमा आवेदन स्वीकार गर्नेछन् ।

वर्तमान चक्रका सहभागी प्राथमिक 6 (P6) विद्यार्थीका आमाबुवाहरुले माध्यमिक एक स्वनिर्णयगत स्थानका लागि आवेदन फारामका दुई प्रतिहरु उनीहरुका बालबालिकाका प्राथमिक विद्यालयमार्फत् डिसेम्बर 2021 को सुरुमा पाउनेछन्। सहभागी प्राथमिक विद्यालयहरुमा नपढिरहेका विद्यार्थीहरुले आवेदन फाराम शिक्षा ब्युरो (EDB) को विद्यालय स्थानहरू विनियोजन शाखाबाट लिन सक्छन् (ठेगानाः Office 2, 2/F, Manulife Financial Centre, 223 Wai Yip Street, Kwun Tong, Kowloon; फोन: 2832 7740 र 2832 7700) मा कार्यालय समयमा 6 डिसेम्बर 2021 देखि 17 जनवरी 2022 सम्म लिन सक्नेछन्।

DP आवेदन जिल्लामा सीमित हुँदैन। प्रत्येक विद्यार्थीले दुईवटा मात्र सहभागी माध्यमिक विद्यालयहरुमा आवेदन दिन सक्छन्, अन्यथा उसको/उनको DP पाउने मौका गुम्नेछ। विद्यार्थीले पाउने दुई वटा आवेदन फारामहरु मध्ये एउटामा विद्यालय प्राथमिकता क्रम 1 र अर्कोमा विद्यालय प्राथमिकता क्रम 2 हुन्छ। विद्यालय प्राथमिकता क्रम 1 मा विद्यार्थीको पहिलो छनौट र विद्यालय प्राथमिकता क्रम 2 मा विद्यार्थीको दोस्रो छनौट हुन्छ।

सहभागी माध्यमिक विद्यालयहरुको सूचीका सम्बन्धमा आमाबुवाले डिसेम्बर 2021 को सुरुमा प्राथमिक विद्यालयहरुमा बाँडिएको माध्यमिक एक स्वनिर्णयगत स्थानहरूको आवेदनका लागि हातेपुस्तिका (Handbook) हेर्नसक्नुहुन्छ। आमाबुवाहरू EDB को गृहपृष्ठ (www.edb.gov.hk) मा पनि जान सक्नुहुन्छ (चयन गर्नुहोस्: चयन गर्नुहोस्: Home > Education System and Policy > Primary and Secondary School Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System) अथवा फ्याक्सद्वारा सूची प्राप्त गर्नलाई EDB को 24-घण्टे स्वचालित टेलिफोन इन्कायरी सिस्टमको 2891 0088 (थिच्नुहोस् 2 (इङ्ग्लिश)

> 5 (फ्याक्स सर्भिसेज) > 04 (सेकेन्डरी स्कूल प्लेसेज एलोकेशन सिस्टम: स्कूल लिस्ट्स) मा फोन गर्नुहोस्। विद्यालय सूचीहरू सूचीहरू फ्याक्सबाट पाउनका लागि।

**(3) प्रश्न आमाबुवाले उनीहरुका बालबालिकाका लागि विद्यालयको छनौट गर्दा के कुरामा विचार गर्नुपर्छ?**

उत्तर आमाबुवाहरुले विद्यालयका सबै पक्षहरु जस्तै यसको शैक्षिक दर्शन, संस्कृति, कक्षाको ढाँचा, विकास र सञ्चालन, र आफ्ना बालबालिकाको योग्यता, झुकाव र रुचि अनुसार सुहाउँदो विद्यालय छनौट गर्नुपर्छ।

विद्यालयहरुले भर्ना प्रक्रिया, भर्ना मापदण्ड र अंक प्रणालीहरूबारे उनीहरुको आफ्नै शैक्षिक दर्शन र विशेषताअनुरुप निर्णय गर्न सक्नेछन्। विद्यालयले अपनाएको भर्ना मापदण्ड र अंक प्रणालीहरू निष्पक्ष, न्यायपूर्ण, खुल्ला तथा शैक्षिक रुपमा राम्रो हुनुपर्दछ र भर्नाअघि नै विद्यालयको प्रमुख स्थानमा प्रदर्शन गरेर, विद्यालयको गृहपृष्ठमा अपलोड गरेर, माध्यमिक विद्यालयको प्रोफाइलमा प्रकाशन गरेर अथवा प्रत्येक आवेदकलाई लिखित सूचना दिएर सार्वजनिक गर्नुपर्छ। विद्यालयहरुले अन्तर्वार्ताहरू लिन सक्छन् तर लिखित परीक्षा सञ्चालन गर्न पाउँदैनन्।

आमाबुवाहरुले गृह-विद्यालय सहयोग समितिद्वारा (Commitee on Home-School Co-operation) डिसेम्बर 2021 को सुरुमा वितरण गरिएको माध्यमिक विद्यालय प्रोफाइल हेर्न सक्नुहुन्छ वा विद्यालयका बारे थप जानकारी पाउनका लागि विद्यालयको वेबसाइट हेर्न सक्नुहुन्छ।

**(4) प्रश्न माध्यमिक विद्यालयहरूलाई भर्नाका लागि कुनै लिखित परीक्षा लिन पाउने अनुमति नभएमा उनीहरुले आवेदकहरुको कार्यसम्पादनलाई कसरी मूल्याङ्कन गर्छन्?**

उत्तर आवेदनहरुको जाँच विद्यालयले बनाएको भर्ना मापदण्ड र अंक प्रणालीहरूको आधारमा गरिनेछ, जस्तै विद्यार्थीहरूको शैक्षिक र गैर शैक्षिक कार्यसम्पादन। केही विद्यालयहरूले आवदेकहरूको प्रतिभा, रूचि र क्षमता बुझ्न र भर्नाका लागि योग्य विद्यार्थी छान्न अन्तर्वार्ता पनि लिने गर्छन्।

**(5) प्रश्न आमाबुवाहरुले आफ्ना बालबालिकाका लागि डीपी DP आवेदन निर्माण गर्दा कुन कुरामा ध्यान दिनु जरुरी छ?**

उत्तर DP आवेदनमा सफल भएका विद्यार्थीहरूका लागि केन्द्रीय विनियोजन (CA) मा विद्यालय स्थान विनियोजन गरिनेछैन। आमाबुवाहरुले त्यसैले आफ्नो प्राथमिकताको विद्यालय(हरु) मा आवेदन दिनुपर्छ। माध्यमिक एक स्वनिर्णयगत स्थानका लागि आवेदन फाराम एक पटक बुझाएपछि फिर्ता वा रद्द गर्न नसकिने भएकोले र विद्यालयको छनौटको प्राथमिकताको क्रममा कुनै परिवर्तन गर्न नसकिने भएकोले आमाबुवाहरुले आवेदन बुझाउनुअघि सुहाउँदो छनौट गर्न र आवेदन बुझाउनु अघि निकै ध्यान दिनुपर्छ।

**(6) प्रश्न DP आवेदन दिनका लागि माध्यमिक विद्यालयमा कुन-कुन कागजातहरु बुझाउन जरुरी छ?**

उत्तर बुझाउनु पर्ने कागजातहरुमा माध्यमिक एक स्वनिर्णयगत स्थानका लागि आवेदन फाराम र सम्बन्धित विद्यालयको आवश्यकता अनुसार अन्य कागजातहरु जस्तै, विद्यार्थीको विद्यालयको रिपोर्ट कार्डहरु, पुरस्कार तथा सम्मानहरु, सामुदायिक सेवा र अन्य गतिविधिका अभिलेख वा प्रमाणपत्रहरु समावेश हुनुपर्छ। छुट्टाछुट्टै विषयमा विद्यार्थीहरुको अङ्क र स्थानहरुजस्ता तत्काल उपलब्ध नहुने जानकारीहरू पेश गर्नु जरुरी छैन।

**(7) प्रश्न कुनै विद्यार्थीले दुई वटा सहभागी माध्यमिक विद्यालयहरुमा आवेदन दिएको छ र दुवैबाट स्वीकार भयो भने यसको DP विनियोजन कुन मापदण्ड अनुसार हुन्छ?**

उ. माध्यमिक एक स्वनिर्णयगत स्थानको प्रत्येक आवेदन फाराममा विद्यार्थीको विद्यालय प्राथमिकताको क्रम पहिचान गर्नको लागि एउटा विशिष्ट निवेदन सङ्ख्या हुन्छ। EDB ईडीबीले विद्यार्थीका प्राथमिकताहरूलाई विद्यालयको स्वनिर्णयगत स्थानहरुको लागि सफल/ रिजर्भ सूचीहरुसँग मिलाउनेछ। विद्यार्थी उसले आवेदन दिएको दुवै विद्यालयमा सफल हुन्छ भने विनियोजन विद्यार्थीको प्राथमिकता क्रममा आधारित हुनेछ। अर्को शब्दमा विद्यार्थीलाई उसको पहिलो छनौटका आधारमा स्थान विनियोजित गरिन्छ।

आमाबुवाहरूले यस विनियोजन चक्रको SSPA प्रणाली अन्तर्गत S1 स्थानहरू प्रदान नगर्ने माध्यमिक विद्यालयमा दिनुभएको आवेदनलाई प्रक्रियामा लगिनेछैन।

**(8) प्रश्न दुई वटा भन्दा बढी सहभागी माध्यमिक विद्यालयहरुमा डीपी DP आवेदन दिँदा के हुन्छ?**

उत्तर एक विद्यार्थीले दुई वटा भन्दा बढी सरकारी, सहयोगप्राप्त, क्यापुट वा सहभागी डीएसएस माध्यमिक विद्यालय जस्ता जुनसुकै सहभागी माध्यमिक विद्यालयहरुमा डीपीका DP लागि आवेदन दिन्छ भने, उसको डीपी DP पाउने DSS सम्भावना गुम्नेछ।

**(9) प्रश्न दुईभन्दा बढी सहभागी माध्यमिक विद्यालयहरुमा डीपी आवेदन दिन छोडेर, के विद्यार्थीले सोही समयमा जोकी Jockey Club Ti-I College आवेदन दिन सक्छन्?**

उत्तर सक्छन्। जोकी क्लब टि-आई कलेजमा Jockey Club Ti-I College S1 भर्नाका लागि आवेदनको अवधि 3 जनवरी देखि 19 जनवरी 2022 सम्म छ। विद्यार्थीहरू Jockey Club Ti-I College दिएको आवेदनमा सफल DP हुन्छन् भने उनीहरूलाई डी पी मा विनियोजन CA गरिनेछैन वा एसएसपीए SSPA प्रणाली अन्तर्गत सीएमा स्थान दिइनेछैन। विद्यार्थीहरू जोकी क्लब टि आई कलेजमा दिएको आवेदनमा अफल भएमा तिनीहरू अझैपनि SSPA प्रणालीद्वारा S1 स्थानमा विनियोजित हुन सक्छन्।

**(10) प्रश्न के विद्यार्थीहरूले एउटै समयमा डायरेक्ट सब्सिडी स्कीम भएको माध्यमिक विद्यालयहरूमा पनि आवेदन गर्न सक्छन् जस्ले SSPA (NDSS secondary schools) मा भाग लिएका छैनन्?**

उत्तर सक्छन्। विद्यार्थीहरूले आवेदन दिन पाउने NDSS secondary schools सङ्ख्यामा कुनै सीमा नभएकोले उसले/उनले धेरैवटा NDSS secondary schools लागि स्वीकृति पाउन सक्छ। यद्यपि, अभिभावकले यस्तो अफर दिने स्कूलहरू मध्ये एकलाई हस्ताक्षरित बाचापत्र र प्राथमिक 6 विद्यार्थी अभिलेख फारामाको मूलप्रति कापी समर्पण गरिएको हुनुपर्दछ, जुन NDSS secondary school दिएको S1 स्थान स्वीकार गरेको पुष्टिको रुपमा र अन्य कुनै छुटप्राप्त S1 स्थानहरु (सहभागी माध्यमिक विद्यालयहरू र Jockey Club Ti-I College S1 स्थानहरू लगायत) त्याग्ने सहमति हो। विद्यालयले मे 2022 को सुरुमा आमाबुवाको निर्णय बारे EDB लाई सूचित गर्नेछ। NDSS secondary schools सहभागी हुने सफल विद्यार्थीहरुको सूचिहरु प्राप्त गरिसकेपछि, EDB ले सूचिमा रहेका विद्यार्थीहरुलाई SSPA प्रणाली मार्फत अन्य माध्यमिक विद्यालयहरुमा निर्धारण गर्नेछैन ।

**(11) प्रश्न सबै सहभागी विद्यार्थीहरूले मे 2022 को सुरुमा माध्यमिक एक विद्यालय छनौट फाराम (Choice Form) भरेर EDB लाई बुझाउन जरुरी छ?**

उत्तर विद्यार्थीहरूले सहभागी माध्यमिक विद्यालयको DP का लागि माध्यमिक विद्यालयहरू(Jockey Club Ti-I College सहित), अथव S1 स्थानका NDSS secondary schools लागि आवेदन दिइसकेका भए वा नभएपनि उनीहरुले मे 2022 को सुरुमै माध्यमिक एक विद्यालय छनौट फाराम Choice Form भरेर प्राथमिक विद्यालयहरू मार्फत् ईडीबीलाई EDB बुझाउनु पर्छ। यो उनीहरु ती विद्यालयहरूमा आफूले दिएको आवेदनमा सफल नभएमा तिनीहरू CA सीएमा S1 स्थानमा अझैपनि विनियोजित हुनेछन् भन्ने सुनिश्चितताका लागि गरिएको हो।

यदि विद्यार्थीलाई NDSS secondary school भर्ना गरिएको छ र उसको/उनको अभिभावकले कागजातमा हस्ताक्षर गरेका छन् र उसको/उनको प्राथमिक 6 विद्यार्थी रेकर्ड फारम NDSS secondary school त्यागेका छन्, वा सहभागी हुने माध्यमिक विद्यालयले (Jockey Club Ti-I College सहित), सफल आवेदकको DP रुपमा सूचित गरेको छ, वा अन्य विद्यालयले भर्ना गरेको छ (जस्तै. अन्तर्राष्ट्रिय विद्यालयहरु वा निजी विद्यालयहरु) र CA मा सहभागी नहुने निर्णय गरेमा, उसको/उनको अभिभावकले रोजाईको फारममा Choice Form हस्ताक्षर मात्र गर्नुपर्नेछ र CA मा भाग नलिएको अभिप्राय जनाउन विद्यालयको रोजाईको भागमा क्रस गर्नुपर्नेछ । यदि अभिभावकहरुले कुनै पनि विद्यालय नरोजेमा र रोजाईको फारममा CA मा भाग नलिने कुनै पनि अभिप्राय नदेखाएमा Choice Form, र विद्यार्थीहरुलाई NDSS secondary schools माध्यमिक विद्यालयहरु द्धारा भर्ना नगरेमा वा DP चरणमा विद्यालय स्थान निर्धारण नगरेमा, विद्यार्थीहरुलाई स्थापित निर्धारण क्रियाविधि अनुसार विद्यालय स्थान निर्धारण गरिनेछ ।

**(12) प्रश्न सूचना प्रबन्ध अन्तर्गत सफल DP आवेदकहरुको लागि (सूचना व्यवस्था), विद्यार्थीहरूले कहिले यो SSPA चक्रमा DP को लागि आवेदनको परिणामहरू कहिले थाहा पाउँछन्?**

उत्तर यस SSPA 2020 चक्र सुरु भएसँगै, भाग लिने सम्पूर्ण विद्यालयहरु ले (Jockey Club Ti-I College सहित) ले, DP आवेदनहरुको चेकजाँचको प्रक्रिया पश्चात, सफल

आवेदकहरुको अभिभावकहरुलाई उनीहरुको बच्चाहरु स्वनिर्णयगत स्थानहरुको लागि सफल सूचिमा समावेश भएको कुरा पत्र र फोन मार्फत केन्द्रिय निर्धारण (CA)[1] भन्दा पहिले तोकिएको मितिमा सूचित गर्नुपर्नेछ । यस SSPA कालको तोकिएको मिति 31 मार्च 2022 हो । यो सूचना प्रबन्ध आरक्षित र असफल आवेदकहरुको लागि र निर्धारण नतिजाहरुको लागि लागू हुने छैन । सम्बन्धित अभिभावहरुले सूचनाहरुको जवाफ दिन आवश्यक छैन ।

माथि उल्लेखित सूचना प्रबन्धहरु प्रशासनिक क्रियाविधि हो । पहिल्यै रहि रहेको SSPA को विधि र प्रक्रियाहरु अपरिवर्तित रहनेछ । यस SSPA कालमा रहेका सम्पूर्ण विद्यार्थीहरुले SSPA विनियोजित नतिजाहरु 12 जुलाई 2022 मा प्राप्त गर्नेछन् (DP र CA चरणको नतिजाहरु सहित) ।

यदि विद्यार्थीहरु SSPA प्रणालीमा सहभागी नहुने प्राथमिक विद्यालयहरुमा पढिरहेका छन् र DP चरणमा विद्यालय स्थानमा निर्धारित भएका छन् भने, सहभागी हुने माध्यमिक विद्यालयहरु वा Jockey Club Ti-I College अभिभावकहरुलाई DP को औपचारिक नतिजा र सम्बन्धित प्रबन्धहरुको बारेमा जानकारी गराउनको लागि 12 जुलाई 2022 मा सम्पर्क गर्नेछन् (त्यो भनेको निर्धारण नतिजाको घोषणा मिति हो) । यदि आवश्यक परेमा, अभिभावकहरुले आफूले आवेदन दिएको माध्यमिक विद्यालय (हरु) मा 12 जुलाई 2022 मा सम्पर्क गर्न सक्छन् ।

**(13) प्रश्न यदि विद्यार्थीहरुले सहभागी हुने दुईवटा विद्यालयहरुमा DP आवेदन पेश गरेका छन् भने, के तिनीहरुलाई दुवै विद्यालयहरुले क्रमशः रुपमा सूचित गर्नेछन्?**

उत्तर व्यक्तिगत विद्यार्थीहरु जसले सहभागी हुने दुवै विद्यालयहरुमा DP आवेदन पेश गरेका छन् र दुवै आवेदनमा सफल भएका छन् भने, तिनीहरुको अभिभावकहरुले सहभागी हुने दुवै विद्यालयहरुबाट क्रमशः रुपमा सूचना प्राप्त गर्नेछन् । सम्बन्धित विद्यार्थीहरुलाई पहिल्यै रहि रहेको SSPA को क्रियाविधि अनुसार उनीहरुको पहिलो रोजाईको विद्यालयहरुको स्थानमा निर्धारण गरिने छ ।

**(14) प्रश्न सहभागी हुने माध्यमिक विद्यालयहरुबाट सूचना प्राप्त गरे पश्चात, के सम्बन्धित अभिभावकहरुले उनीहरुले रुचाएका विद्यालयहरुको क्रमको बारेमा सम्बन्धित विद्यालयहरुमा खुलाउनु पर्छ र तिनीहरुले प्रस्तावित DP को स्वीकार गरेको भनी पुष्टि गर्नुपर्छ?**

उत्तर पहिल्यैको SSPA प्रणाली अनुसार, अभिभावकहरुले आवेदन दिएको विद्यालयहरुमा उनीहरुले रुचाएका विद्यालयहरुको क्रमको बारेमा खुलाउन पर्दैन । सूचना प्रबन्ध अन्तर्गत सहभागी हुने विद्यालयहरुले अभिभावकहरुलाई दिने सूचना औपचारिक निर्धारण नतिजा होइन । त्यसैले, अभिभावकहरुले रुचाएको विद्यालयको क्रमको बारेमा सम्बन्धित विद्यालयहरुमा खुलाउन पर्दैन, न त उनीहरुको बच्चाहरुको सफल DP आवेदनको सूचना प्राप्त गरे पश्चात प्रस्तावित DP स्वीकार गरेको भनी पुष्टि नै गर्नुपर्छ ।

[1] कृपया EDB सर्कुलर नम्बर 18/2019 मा गएर सूचना व्यवस्था अन्तर्गत सफल डिस्क्रिशनरी प्लेसेस आवेदकहरुको लागि र नमूना अधिसूचना मा हेर्नुहोस्।

(15) **प्रश्न** **केही विद्यार्थीहरुलाई सहभागी हुने माध्यमिक विद्यालयहरुले सफल DP आवेदकको रुपमा सूचित गर्नेछन् र NDSS secondary school S1 स्थानको प्रस्ताव पनि गर्नेछन् । यदि उनीहरुले NDSS secondary school प्रस्ताव अस्वीकार गर्ने निर्णय गरेमा, किन उनीहरुले सम्बन्धित NDSS secondary school सक्कली अभिभावकले काम कागजातहरु र प्राथमिक 6 विद्यार्थी रेकर्ड फारम पुनः प्राप्त गर्नुपर्छ? यदि दस्तावेजहरु पुनः प्राप्त नगरेमा, के विद्यार्थीहरुलाई अन्तमा सहभागी हुने सम्बन्धित माध्यमिक विद्यालयहरुमा निर्धारण गरिने छ?**

उत्तर अवस्थित संयन्त्रका अनुसार सार्वजनिक स्रोतहरूको प्रभावकारी प्रयोगको आधारमा, NDSS secondary schools S1 ठाउँहरू स्वीकार अभिभावकबाट संकलन गर्नेछ प्रस्तावको स्वीकृति कापी पुष्टिको लागि तिनीहरूका प्राथमिक प्राथमिक विद्यार्थी 6 रेकर्ड फाराम मूल प्रतिलिपि हरूको साथ सक्कली हस्ताक्षर गरीएको उपक्रमहरूको प्रस्ताव गरियो र एसएसपीए प्रणाली मार्फत विनियोजित अन्य अनुदान प्राप्त S1 स्थानहरू (सहभागी माध्यमिक स्कूलहरूको S1 स्थानहरू र Jockey Club Ti-I College सहित) को समर्पण SSPA, जसले गर्दा सम्बन्धित विद्यार्थीहरुले एकै समयमा दुईवटा अनुदानित माध्यमिक विद्यालय स्थानहरु ओगट्न पाउने छैनन् । आवेदकहरुको लागि सूचना प्रबन्ध अन्तर्गत, यदि विद्यार्थीहरुलाई सहभागी हुने माध्यमिक विद्यालयहरुले (Jockey Club Ti-I College सहित) सफल DP आवेदकको रुपमा सूचित गरेमा र NDSS secondary school S1 स्थानको लागि प्रस्ताव गरेमा, उनीहरुले NDSS secondary school प्रस्ताव अस्वीकार गर्ने वा नगर्ने भन्ने बारेमा अप्रिलमा (विद्यालयबाट सूचना DP प्राप्त गरेको लगभग 5 कार्य दिन भित्र; सामान्य परिस्थितिमा SSPA 2022 को लागि NDSS secondary schools हरुलाई अन्तिम सूचना दिने मिति 8 अप्रिल 2022 हो) तोकिएको समय भित्र निर्णय गर्न सक्छन् । यदि अभिभावकहरुले पहिल्यैको कार्यविधि अन्तर्गत, सम्बन्धित NDSS secondary schools माध्यमिक विद्यालयहरुलाई सूचित नगरेमा र सक्कली हस्ताक्षरित काम कागजातहरु र प्राथमिक 6 विद्यार्थी रेकर्डको फारम तोकिएको मिति भित्र पुनः प्राप्त नगरे पनि सम्बन्धित विद्यार्थीहरु मे महिनाको सुरु मा बुझाइने NDSS schools सहभागी विद्यार्थीहरुको सफल सूचिमा समावेश हुनेछन् र उनीहरुलाई सहभागी हुने माध्यमिक विद्यालयहरुको S1 स्थानमा निर्धारण गरिने छैन, सफल DP आवेदकको रुपमा छनोट भएका सहित ।

(16) **प्रश्न** **सहभागी हुने माध्मिक विद्यालयहरुबाट सूचना प्राप्त DP गरिसकेपछि, के अभिभावकहरुले दर्ता पक्रियाहरु सम्बन्धित विद्यालयहरुसँग एकै चोटि पूरा गर्न आवश्यक छ?**

उत्तर सूचना प्रबन्धहरु प्रशासनिक क्रियाविधि हो । पहिल्यै रहि रहेको को क्रियाविधि र प्रक्रियाहरु अपरिवर्तित रहनेछ । अभिभावकहरुलाई सहभागी हुने विद्यालयहरुले दिने सूचना औपचारिक SSPA निर्धारण नतिजा होइन, र अभिभावकहरुले दर्ता प्रक्रियाहरु सम्बन्धित विद्यालयहरुसँग एकै चोटि पूरा गर्न आवश्यक छैन । अभिभावकहरुले 12 जुलाई 2022 मा SSPA को नतिजा औपचारिक रुपमा प्रकाशित भएपछि निर्धारण स्लिप र भर्ना स्लिपहरु प्राप्त गर्ने छन् । त्यसपछि, अभिभावकहरुले निर्धारण गरिएको माध्यमिक विद्यालयहरुमा तोकिएको अवधि भित्र दर्ता प्रक्रियाहरु पूरा गर्नुपर्ने हुन्छ ।

**(17) प्रश्न यदि विद्यार्थीहरुलाई सहभागी हुने विद्यालयहरुले सफल DP आवेदकको रुपमा सूचित नगरेमा, के यसको अर्थ उनीहरुलाई DP चरणमा कुनै पनि विद्यालय स्थानमा निर्धारण गरिने छैन भन्ने हो?**

उत्तर सफल आवेदकहरुको लागि सूचना प्रबन्ध अन्तर्गत, केही विद्यार्थीहरुले सहभागी हुने दुई माध्यमिक विद्यालयहरुबाट उनीहरुको सफल DP आवेदनको सूचना प्राप्त गर्न सक्छन् र उनीहरुलाई अन्ततः SSPA क्रियाविधि अनुसार उनीहरुको पहिलो रोजाईको विद्यालयमा स्थानमा निर्धारण गरिनेछ, र एउटा विद्यालयको स्थान खाली रहनेछ । यस बाहेक, केही सफल आवेदकहरुले उनीहरुको लागि निर्धारण गरिएको DP त्याग्न पनि सक्छन् र NDSS secondary schools प्रस्ताव गरेका स्थानहरु स्वीकार गर्न सक्छन् । यसरी सफल DP आवेदकहरुको लागि निर्धारण गरिएको स्थानहरु पनि खाली रहनेछ । त्यसैले, सूचित नगरिएको केही विद्यार्थीहरुलाई DP चरणमा आरक्षित आवेदकहरुको क्षमता अनुसार उनीहरुले आवेदन दिएका विद्यालयमा S1 स्थानमा निर्धारण गर्न सकिनेछ ।

**(18) प्रश्न के सहभागी हुने माध्यमिक विद्यालयहरुले सफल DP आवेदकहरुलाई सूचना जारी गरेपछि अभिभावकहरुले मन परेका अन्य माध्यमिक विद्यालयहरुमा गएर भर्नाको बारेमा सोधपुछ गर्न पाउँछन्?**

उत्तर पहिल्यैको SSPA प्रणालीको क्रियाविधि अन्तर्गत, पुनरावर्तक र DP कोटाको कटौटी पश्चात विद्यालयहरुलको S1 स्थानहरु, CA को लागि प्रयोग हुनेछ । माध्यमिक विद्यालयहरुले जुलाईमा जारी गरिने निर्धारण नतिजा भन्दा अगाडि कुनै पनि सम्भावित प्रयोग नभएका खाली ठाउँहरु (आवेदनहरु स्वीकार गर्ने, छनौट गर्ने वा विद्यार्थी भर्ना गर्ने प्रक्रिया सहित) भर्नको लागि छनोट वा भर्ना प्रक्रियाहरु सञ्चालन गर्नु हुँदैन । यो अभिभावकहरु र विद्यार्थीहरुमा अनावश्यक दबाब ल्याउन र अनुचित परिस्थिति सिर्जना गर्नबाट बचाउन हो । जस्तै, विद्यालयको सञ्चालनलाई प्रभाव पर्नबाट जोगाउन अभिभावकहरुलाई अन्य रुचाइएका माध्यमिक विद्यालयहरुमा जान आवश्यक छैन ।

विद्यालय स्थान निर्धारण शाखा
शिक्षा ब्यूरो
सेप्टेम्बर 2021

**माध्यमिक विद्यालय स्थानहरू विनियोजन प्रणाली 2020/2022**
**(सेप्टेम्बर 2022 मा माध्यमिक 1 मा भर्नाको लागि)**
**बारम्बार सोधिने प्रश्नहरू**

## केन्द्रीय विनियोजन

**(1) प्रश्न केन्द्रीय विनियोजन (CA) का लागि छनौट गर्ने कागजातहरु आमाबुवाले कहिले प्राप्त गर्नुहुनेछ?**

उत्तर वर्तमान चक्रका सहभागी प्राथमिक 6 (P6) विद्यार्थीहरूका आमाबुवाले माध्यमिक एकको विद्यालय छनोट फाराम (Choice Form) र सम्बन्धित छनोट गर्ने कागजातहरू उनीहरूका बालबालिकाका प्राथमिक विद्यालयहरूबाट अप्रिल 2022 को बीचमै पाउने छन्। आमाबुवाले भरिएको Choice Form शिक्षा ब्युरो (EDB) मा उनीहरूका बालबालिकाका प्राथमिक विद्यालयहरू मार्फत मे 2022 को सुरुतिरै पठाउनु पर्छ।

**(2) प्रश्न माध्यमिक एक विद्यालय Choice Form भर्दा आमाबुवाले के ध्यान दिनुपर्छ?**

उत्तर आमाबुवाहरुले विद्यालयका सबै पक्षहरु जस्तै यसको शैक्षिक दर्शन, संस्कृति, कक्षाको ढाँचा, विकास र सञ्चालन, र आफ्ना बालबालिकाको योग्यता, झुकाव र रुचि अनुसार सुहाउँदो विद्यालय छनौट गर्नुपर्छ।

माध्यमिक एक विद्यालय Choice Form भाग A र भाग B गरी विभाजित गरिएको छ। भाग A एको बन्देज नलगाइएको विद्यालय छनोटमा आमाबुवाले आफ्ना बालबालिकाका आफ्नै नेटका विद्यालयहरुसमेत गरी अधिकतम तीन वटा माध्यमिक विद्यालयहरु कुनै पनि विद्यालय नेटबाट छान्न सक्नुहुन्छ। भाग B बन्देज लगाइएका विद्यालय छनोटका सम्बन्धमा, आमाबुवाले अधिकतम 30 वटा माध्यमिक विद्यालयहरु उनीहरुको बालबालिकाको नेटभित्रबाट छान्न सक्नेछन्। यदि भाग A मा उनीहरुले संकेत गरेका माध्यमिक विद्यालयहरु पनि उनीहरुका बालबालिकाको विद्यालय नेटमा छन् भने उनीहरुले भाग B मा पनि ती विद्यालयहरु समावेश गर्न सक्छन्। यद्यपि, आमाबुवाले एउटै भागमा समान विद्यालय छनोट दोहोर्‍याउनु हुँदैन। किनकि यसले उनीहरुका बालबालिकाको ती विद्यालयहरुमा विनियोजन हुने सम्भावना बढाउँदैन।

आमाबुवाहरूले विद्यालय छनोटका लागि भाग A पूरा गरेपछि, उहाँहरूले जुन अप्रिल 2022 को बीचमै प्राथमिक विद्यालयहरूमा वितरण गरिएको बन्देज नलगाइएका विद्यालय छनोट हातेपुस्तिका (Handbook) हेर्नुपर्छ । आमाबुवाहरू EDB को गृहपृष्ठ (www.edb.gov.hk) मा पनि जान सक्नुहुन्छ (चयन गर्नुहोस्: Home > Education System and Policy > Primary and Secondary School Education > School Places Allocation Systems > Secondary School Places Allocation (SSPA) System) अथवा फ्याक्सद्वारा सूची प्राप्त गर्नलाई EDB को 24-घण्टे स्वचालित टेलिफोन इन्क्वायरी सिस्टमको 2891 0088 (थिच्नुहोस् 2 (इङ्ग्लिश) > 5 (फ्याक्स सर्भिसेज) > 04 (सेकेन्डरी स्कूल प्लेसेज एलोकेशन सिस्टम: स्कूल लिस्ट्स)) मा फोन गर्नुहोस्। विद्यालय सूचीहरू)) सूचीहरू फ्याक्सबाट पाउनका लागि। आमाबुवाले भाग B को विद्यालय छनोट पूरा गरेपछि, उहाँहरूले आफ्ना बालबालिकाको माध्यमिक विद्यालय सूचीको नेट हेर्नुपर्ने हुन्छ। सन्दर्भका लागि माध्यमिक विद्यालय Choice Forms फारामसँगै अप्रिलको मध्यमै आमाबुवालाई वितरण गरिन्छ।

**(3) प्रश्न SSPA प्रणाली (सहभागी हुने माध्यमिक विद्यालयहरु) मा सहभागी हुने माध्यमिक विद्यालयहरुबाट 31 मार्च 2022 मा सफल डिस्क्रिशनरी प्लेसेस (DP) आवेदकहरूको रूपमा सूचना प्राप्त गर्ने अभिभावकहरुको लागि, के तिनीहरुले CA को लागि विद्यालयको Choice Forms फारम भरेर पेश गर्नुपर्छ?**

उत्तर जुन विद्यार्थीहरुलाई सहभागी हुने माध्यमिक विद्यालयहरुले स्वनिर्णयगत स्थानहरु DP को सफल आवेदक भनी सूचित गरेको छ, उनीहरुको अभिभावकहरुले विद्यालयको रोजाई भन्ने भागमा क्रस मात्र गरेर Choice Form हस्ताक्षर गरी, उनीहरुको बच्चाहरु जाने प्राथमिक विद्यालयहरू Choice Form फिर्ता गर्नुपर्छ ।

**(4) प्रश्न सीएका लागि मापदण्ड के हुन् CA?**

उत्तर CA सीए विद्यार्थीको विनियोजन ब्यान्ड, आमाबुवाको विद्यालय छनौट र अनियमित संख्यामा आधारित हुन्छ।

**(5)** प्रश्न **विनियोजन ब्यान्ड कसरी निर्धारित गरिन्छ? केका लागि त्यसको उपयोग हुन्छ?**

उत्तर विद्यार्थीहरुले आफ्ना विनियोजन ब्यान्डहरु उनीहरुको स्केल्ड आन्तरिक जाँच (IA) परिणामअनुसार पाउँछन्। विद्यार्थीहरुको प्राथमिक 5 को अन्त्यको, तथा P6 को अन्त्यको र मध्य वर्ष दुवैको आईए IA परिणामहरू विद्यालयको पूर्व माध्यमिक एक हङकङ एटेन्मेन्ट परीक्षण (Pre-S1 HKAT) 2016 र 2018 को स्याम्पल्ड परिणामको औसतले मापन गरेर स्ट्याण्डर्डाइज्ड गरिनेछ। 2016 र 2018 Pre-S1 HKAT स्याम्पल्ड परिणामहरु नभएका विद्यालयहरु (जस्तै नयाँ सहभागी विद्यालय) का लागि एउटै विद्यालय नेटका सबै विद्यालयहरुको सोही विशेष वर्षको जाँचको औसत स्याम्पल्ड परिणामहरूलाई मापनका लागि प्रयोग गरिनेछ।

CA का भाग A बन्देज नलगाइएका विद्यालय छनोटको विनियोजनका लागि ती क्षेत्रका सबै विद्यार्थीहरुको मापन गरिएका अङ्कहरु योग्यता क्रम अनुसार राखिनेछ। त्यसपछि सीमाको आधारमा सहभागी हुने प्राथमिक विद्यालयहरूको जम्मा संख्याको 1/3 हुने गरी विद्यार्थीहरूलाई समान रूपमा तीनवटा टेरिटोरी ब्याण्डहरूमा बाँडिनेछ। CA का भाग B बन्देज लगाइएका विद्यालयहरूको छनोटको विद्यालय स्थान बाँडफाँडका सम्बन्धमा समान विद्यालय नेटका सबै विद्यार्थीहरूको मापन गरिएका अङ्कहरुलाई योग्यता क्रम अनुसार राखिनेछ। त्यसपछि हरेक स्कूल नेटमा सहभागी हुने प्राथमिक विद्यालयहरूको जम्मा संख्याको 1/3 हुने गरी विद्यार्थीहरूलाई समान रूपमा तीनवटा नेट ब्याण्डहरूमा बाँडिनेछ।

क्षेत्र ब्यान्ड बन्देज नलगाइएका CA भाग A विद्यालय स्थानहरूको विनियोजन निर्धारणका लागि प्रयोग गर्दा नेट ब्यान्ड बन्देज लगाइएका CA भाग B विद्यालयको स्थानहरुको विनियोजनका लागि प्रयोग हुन्छ। विनियोजन ब्यान्ड P6 विद्यार्थीहरुको शैक्षिक कार्यसम्पादन जाँच्ने पूर्ण मापदण्ड हैन र व्यक्तिगत विद्यार्थीहरूको विनियोजन ब्याण्ड विनियोजन कार्यविधि पुरा भएपछि कायम रहने छैन।

**(6) प्रश्न माध्यमिक विद्यालय नेटहरु कसरी निर्धारित गरिन्छ?**

उत्तर विद्यालय स्थान बाँडफाँडका CA भाग B को सीए विद्यालय नेटबाटै सम्पन्न गरिएझैं प्रशासनिक जिल्लाअनुसार पूरै क्षेत्रलाई 18 वटा माध्यमिक विद्यालय नेटहरुमा विभाजन गरिन्छ। विद्यमान नीतिअनुसार, सिद्धान्तमा, विद्यार्थीको माध्यमिक विद्यालय नेटको निर्धारण उ/उनी उपस्थित हुने प्राथमिक विद्यालयको भौतिक स्थानअनुसार हुन्छ।

**(7) प्रश्न प्रत्येक विद्यालय नेटका लागि माध्यमिक 1 (S1) स्थानहरु कसरी नियुक्त गरिन्छ?**

उत्तर सार्वजनिक क्षेत्र माध्यमिक विद्यालय स्थानहरूको प्रावधान टेरिटोरी-वाइडको आधारमा नियोजित गरिन्छ। SSPA प्रणालीले हरेक सहभागी विद्यार्थीलाइ क्रमबद्ध रूपमा S1 स्थान विनियोजन गर्ने लक्ष्य राख्छ। आमाबुवा र सहभागी विद्यार्थीहरूको आवश्यकतालाइ सम्बोधन गर्न, आमाबुवाहरूले DP चरणमा जुनसुकै जिल्लाबाट पनि विद्यालय छान्न र CA चरणमा भाग A असीमित विद्यालय छनोटहरू र CA चरणको भाग B सीमित विद्यालय छनोटमा पर्ने सहभागी विद्यार्थी संलग्न जुनसुकै विद्यालय नेट छान्न सक्छन्। विद्यालय नेटहरू र जनसांख्यिकीय चालको बीचमा माध्यमिक विद्यालयहरूको असमान वितरण दिइएको भएपनि डिस्ट्रक्टमा विद्यालय स्थानहरूको अभाव भएको बेलामा नेटिङ व्यवस्थाहरू गर्न लामो स्थापित कार्य भएको छ। विचार गर्नुपर्ने विषयहरूमा हरेक विद्यालयमा माग र आपुर्ति, विद्यालयको अवस्थिति र उपलब्धतासहित विद्यालय नेटहरूबीचको यातायातका साधनको पहुँच, र नेटिङ ढाँचाको स्थापना, इत्यादि पर्दछन्। हामीले SSPA समिति (हरेक विद्यालय नेटबाट माध्यमिक/प्राथमिक विद्यालय प्रतिनिधी र मुख्य माध्यमिक र प्राथमिक विद्यालय परिषद्का प्रतिनिधीहरू) सँगको परामर्शमा, सम्पूर्ण प्रक्रियामा सम्भव भएसम्म विभिन्न सरोकारवालाहरूको आवश्यकताबीच सन्तुलन गराउनेछौं।

वर्षैपिच्छे माग र आपूर्तिको स्थिति परिवर्तन हुँदै जाने भएकोले, अन्य जिल्लामा उपलब्ध गराइएको माध्यमिक विद्यालय र उनीहरुले प्रदान गर्ने विद्यालय स्थानहरु वर्षैपिच्छे फरक हुन सक्छन्। आमाबुवाहरूले सम्बन्धित चक्रका लागि नेटिङ व्यवस्थापनको EDB हरेक वर्ष अप्रिलमा बाँडिने माध्यमिक विद्यालय सूची हेर्नुपर्छ।

**(8) प्रश्न क्रस नेट विनियोजन के हो?**

उत्तर CA को भाग B को लागी स्कूल स्थानहरु को आबंटन स्कूल नेट द्वारा गरीन्छ र बिद्यार्थी सम्बन्धित स्कूलको नेट प्राध्यापक प्राथमिक विद्यालयको स्कूल नेटको सिद्धान्त हो जहाँ ऊ/उनी उपस्थित हुन्छन्। यदि त्यहाँ वास्तविक आवश्यकता छ भने, विशेष कारणको साथ, स्कूल नेट परिवर्तन गर्नका लागि, अभिभावकहरूले उनीहरूको बच्चाको प्रारम्भमा भर्खरको स्कूलमा भर्ना भइरहेको प्राथमिक विद्यालयमार्फत EDB मा प्रासंगिक प्रुफ कागजातहरूको साथ क्रस-नेट विनियोजनको लागि आवेदन पेश गर्न सक्दछन्। प्राथमिक विद्यालयले आवेदन कागजातहरूको सबै प्रमाणित प्रतिलिपिहरू EDB मा अगाडि प्रक्रियाको लागि पठाउँनेछ। यदि विद्यार्थीलाई उसको / उनको हंगकंग आवासीय ठेगाना (उदाहरणको लागि आवेदक विद्यार्थी बसोबास गर्ने निवास स्थान जहाँ आवाश्यक विद्यार्थी बसिरहेको छ र जुन उसको / उनको एकमात्र वा मुख्य घर हो) मा सम्बन्धित छ भने स्कूल नेटको लागि क्रस-नेट विनियोजनको लागि अनुमोदित छ भने, ऊ / उनी नयाँ स्कूल नेटमा CA को भाग B मा भाग लिनेछ।

**(9)** **प्रश्न** **आवेदन दिने विद्यार्थीको आवासीय ठेगाना घोषणा गर्दा र उनीहरूले क्रस-नेट विनियोजनको लागि आवेदन दिन चाहेमा प्रासंगिक प्रूफ कागजातहरू उपलब्ध गराउँदा आमाबाबुले के कुरा ध्यान दिनु पर्छ?**

उत्तर अभिभावकहरूले यो नोट गर्नु पर्छ कि आवेदन गर्ने विद्यार्थीको आवासीय ठेगाना हंगकंगमा उसको / उनको एकमात्र वा प्रमुख आवासीय ठेगाना हुनुपर्दछ, अर्थात एक निवास स्थान जहाँ आवेदक विद्यार्थी बसोबास गर्दछ र जुन उसको / उनको एक्लो वा मुख्य घर गठन गर्दछ। स्वीकार्य हंगकंग आवासीय ठेगाना प्रूफ कागजातहरूमा स्ट्याम्प्ड टेन्सी सम्झौता, दरहरू र / वा सरकारी भाडाको लागि माग नोट, सार्वजनिक आवास प्राधिकरणहरू द्वारा जारी गरिएको टेनेसी सम्झौता वा भाडामा लिने व्यक्तिको भाडा कार्ड, आवासीय टेलिफोन बिल, र विभिन्न उपयोगिता कम्पनीहरूको बिल, जस्तै तोन्गास, हंगकंग इलेक्ट्रिक कम्पनी लिमिटेड, पानी आपूर्ति विभाग, आदि समावेस हुन्छ। अन्य कागजातहरू जस्तै बैंकको स्टेटमेन्टहरू र मोबाइल फोन बिलहरू स्वीकार गरिने छैन। यसका साथै अभिभावकको नाम र ठेगाना (अर्थात् भुक्तानी गर्ने) हंगकंगको आवासीय ठेगाना प्रूफ कागजातमा छाप्नुपर्नेछ।

**(10)** **प्रश्न** **विद्यार्थी क्रस नेट विनियोजनका लागि स्वीकृत हुन्छ भने उसको/उनको नेट ब्यान्ड नयाँ विद्यालय नेटमा कसरी निर्धारण हुन्छ?**

उत्तर विद्यार्थीलाई क्रस-नेट निर्धारणको लागि स्वीकृत गरिन्छ भने नयाँ विद्यालय नेटमा उसको/उनको नेट ब्याण्ड निर्धारित गर्न मूल विद्यालयमा प्राप्त गरेको उसको/उनको स्केल्ड अंकहरूलाई नयाँ विद्यालय नेटको विद्यार्थीहरूको स्केल्ड अंकहरूसँग तुलना गरिनेछ। अर्को शब्दमा विद्यार्थीको नयाँ विद्यालयको नेट ब्यान्ड उसको/उनको मूल विद्यालयको नेटभन्दा फरक हुन सक्छ।

**(11)** **प्रश्न** **सीएको CA विनियोजन प्रक्रिया के हो?**

उत्तर भाग A को बन्देज नलगाइएका विद्यालय छनोटलाई पहिला प्रशोधन गरिन्छ। त्यसपछि भाग A मात्रै कम्प्युटरले भाग B को बन्देज लगाइएका विद्यालयहरुको छनौट प्रशोधन सुरु गर्छ।

भाग A को बन्देज नलगाइएका विद्यालय छनोटको प्रशोधनका बेला विद्यार्थीहरुको विद्यालय छनोटको प्राथमिकताको क्रम अनुसार कम्प्युटरले पहिले क्षेत्र ब्यान्ड 1 का विद्यार्थीहरुलाई विद्यालय स्थानको विनियोजन गर्नेछ। यी सबै विद्यार्थीहरुको विद्यालय छनोटलाई स्क्रिनिङ गरिसकेपछि कम्प्युटरले क्षेत्र ब्यान्ड 2 का विद्यार्थीहरुको विद्यालय छनौटको प्रक्रियाका लागि पनि समान प्रक्रिया अपनाउनेछ र अन्त्यमा क्षेत्र ब्यान्ड 3 का विद्यार्थीहरुको पालो आउँछ। भाग A मा स्थान पाउन सफल विद्यार्थीहरुलाई भाग B को स्थान विनियोजित हुनेछैन। विद्यार्थीले भाग A मा उसले/उनले छनोट गरेको विद्यालय छनोट अनुसार विद्यालय स्थान पाएन भने उसलाई/उनलाई भाग B मा स्थान विनियोजन गरिनेछ।

भाग B मा विद्यालय रोजाइहरू प्रक्रिया गर्दा, कम्प्युटरले विद्यार्थीहरूको नेट ब्याण्ड 1 र विद्यालय रोजाइहरूका प्राथमिकताको क्रम अनुसार विद्यार्थीहरूलाई विद्यालय स्थानहरू निर्धारण गर्नेछ। यदि विद्यार्थिले उसको/उनको विद्यालय छनोटहरू सबै छानिसक्दा पनि विद्यालय स्थान नपाएमा कम्प्युटरले उसका/उनका लागि विद्यालय नेटमा रहेका बाँकी स्थानहरुबाट स्थान विनियोजन गर्नेछ। नेट ब्याण्ड 1 का सबै विद्यार्थीहरूलाई विद्यालय स्थानहरू निर्धारित गरेपछि कम्प्युटरले विद्यार्थीहरूको विद्यालय रोजाइहरूलाई नेट ब्याण्ड 2 मा र अन्तमा नेट ब्याण्ड 3 का विद्यार्थीहरूले प्रक्रिया गर्न समान पद्धति पालना गर्नेछ।

यसबाहेक, आमाबुवाहरूले यस विनियोजन चक्रको SSPA प्रणाली अन्तर्गत S1 स्थानहरू प्रदान नगर्ने माध्यमिक विद्यालय रोजेको भएमा उक्त विद्यालय रोजाइलाई प्रक्रियामा लगिनेछैन।

**(12) प्रश्न र्‍यान्डम संख्या केका लागि प्रयोग गरिन्छ?**

उत्तर र्‍यान्डम संख्या केन्द्रीय विनियोजन कार्यक्रम सुरु हुनु अघि नै सिर्जना गरिन्छ। यो समान केन्द्रीय विनियोजन ब्यान्डका विद्यार्थीहरुका क्रम निर्धारण गर्न प्रयोग गरिन्छ। यदि कुनै माध्यमिक विद्यालयमा स्थानहरूको माग आपूर्तिभन्दा बढी हुन गएमा, एउटै एलोकेशन ब्याण्ड भित्र सानो अनियमित नम्बर पाउने विद्यार्थीलाई पहिलो स्थान दिइनेछ। विद्यार्थी सन्दर्भ संख्या वा विद्यार्थीको व्यक्तिगत विवरणसँग अनियमित नम्बरको कुनै सम्बन्ध छैन र विनियोजन प्रक्रिया पूरा भएपछि पुन: प्राप्त हुनेछैन।

विद्यालय स्थान निर्धारण शाखा
शिक्षा ब्यूरो
सेप्टेम्बर 2021

**माध्यमिक विद्यालय स्थानहरू विनियोजन प्रणाली 2020/2022**
**(सेप्टेम्बर 2022 मा माध्यमिक 1 मा भर्नाको लागि)**
**बारम्बार सोधिने प्रश्नहरू**

**<u>अन्य</u>**

**<u>फिडर र नामाङ्कित विद्यालयहरू</u>**

**(1) प्रश्न फिडर/नामाङ्कित विद्यालयमा पढिरहेका प्राथमिक 6 (P6) विद्यार्थीलाई माध्यमिक 1 (S1) मा भर्ना गर्नका लागि प्रक्रिया के-के हुन्?**

उत्तर सामान्य रूपमा रिपिटर र डिस्क्रेसनरी स्थानहरु (DP) घटाइसकेपछि एउटा फिडर माध्यमिक विद्यालयले 85% बाँकी स्थान आफ्नो फिडर माध्यमिक विद्यालय(हरु) का लागि आरक्षण गर्न सक्छ, र एउटा नामाङ्कित(हरू) माध्यमिक विद्यालयले 25% बाँकी स्थान मध्य विनियोजन (CA) चरणको लागि आफ्ना नामाङ्कित माध्यमिक विद्यालयका लागि छुट्याउन सक्छ। विद्यार्थी नेट ब्यान्ड 1 वा 2 मा छ र उसले/उनले आफ्नो भाग B सीमित पारिएको विद्यालय छनोटको पहिलो छनोटजस्तै फिडर/नामाङ्कित माध्यमिक विद्यालय छनोट गरेको छ भने उ फिडर/नामाङ्कित विद्यालयका P6 विद्यार्थी आरक्षण स्थानका लागि योग्य हुन्छ। आमाबुवाहरूले सीधै फिडर/नामाङ्कित माध्यमिक विद्यालय(हरू)मा सोधपूछ गर्न सक्नेछन्।

विद्यार्थीहरूको सङ्ख्या आरक्षित स्थानहरूभन्दा बढी भएमा, सबै आरक्षित स्थानहरू नभरिँदासम्म विद्यार्थीहरूको नेट ब्याण्ड र उनीहरूको अनियमित सङ्ख्याको आधारमा स्थान निर्धारण गरिनेछ। अर्कोतर्फ, सबै प्रयोग नगरिएका आरक्षित ठाउँहरूलाई यदि छन् भने, विनियोजनका लागि खुला ठाउँहरूको रूपमा स्वचालित ढङ्गले प्रयोग गरिनेछ।

यदि फीडर/नोमिनेटेड प्राथमिक विद्यालयमा अध्ययन गरिरहेको P6 विद्यार्थी क्रस-नेट विनियोजनका लागि स्वीकृति प्राप्त छ भने, उ/उनी फीडर/नोमिनेटेड माध्यमिक स्कूल(हरू)को आरक्षित स्थानका लागि योग्य हुनेछैन।

**<u>"थ्रु-ट्रेन" विद्यालयहरु</u>**

**(2) प्रश्न "थ्रु ट्रेन" विद्यालयमा अध्ययन गरिरहेका एक P6 विद्यार्थीलाई S1 मा भर्ना गर्ने प्रक्रिया के-के हुन्?**

उत्तर "थ्रु-ट्रेन" विद्यालयका एक P6 विद्यार्थीले त्यससँग आवद्ध माध्यमिक विद्यालयलाई सीधै छान्न सक्छ। यदि विद्यार्थीले सहभागी हुने माध्यमिक विद्यालयको DP को लागि आवेदन दिएमा वा माध्यमिक विद्यालय स्थान निर्धारण प्रणाली (NDSS secondary schools) मा सहभागी नभएका प्रत्यक्ष अनुदान योजनाको माध्यमिक विद्यालयहरुको S1 स्थान (हरु) मा आवेदन दिएमा (सफल भए वा नभएपनि) दिन्छ वा CA मा सहभागिता जनाउँछ भने, उसलाई/उनलाई सिधै आवद्ध माध्यमिक विद्यालयहरूमा प्रक्रिया गर्न पाउने अधिकारको अनुमति दिइने छैन।

## प्रत्यक्ष अनुदान योजना विद्यालयहरू

**(3) प्रश्न आमाबुवाहरूले आफ्नो बच्चालाई डीएसएस (DSS) विद्यालयमा पठाउन चाहेको खण्डमा उनीहरूले के कुरा ध्यानमा राख्न जरूरी छ?**

उत्तर आमाबुवाहरूले यो कुरा ध्यानमा राख्न जरूरी छ कि डीएसएस DSS विद्यालयहरूले शिक्षा शुल्क लगाउन सक्छन्। माध्यमिक 3 पास गरेका विद्यार्थीहरुले सोही DSS माध्यमिक विद्यालयमा माध्यमिक 4 (S4) मा जारी राख्न सक्छन् र उनीहरुलाई केन्द्रिय रुपमा शिक्षा ब्युरो (EDB) द्वारा अनुदित अन्य विद्यालयहरुमा S4 स्थानमा राखिने छैन।

**(4) प्रश्न सहभागी डीएसएस DSS माध्यमिक विद्यालयहरुका माध्यमिक विद्यालयहरुका लागि सरकारी, सहयोग प्राप्त र क्यापुट माध्यमिक विद्यालयहरुका तुलनामा विनियोजनको प्रक्रियासम्बन्धी के भिन्नता छ?**

उत्तर सहभागी डीएसएस DSS माध्यमिक विद्यालयहरुका लागि, उनीहरुको स्थान विनियोजनको प्रक्रिया आधारभूत स्तरमा सरकारी, सहयोग प्राप्त र क्यापुट माध्यमिक विद्यालयहरु सरह नै हुन्छ, फरक भने सहभागी डीएसएस DSS माध्यमिक विद्यालयहरुले उनीहरूको S1 स्थानहरुको 30% भन्दा बढी स्थानहरू DP रुपमा आरक्षण गर्न सक्छन् र सहभागी डीएसएस DSS माध्यमिक विद्यालयहरुको S1 स्थानहरु सिएको कडाइ गरिएका विद्यालयहरूको भाग बीमा "नो-चोइस नो-एलोकेशन" को सिद्धान्तमा विनियोजित गरिन्छ, जस्तै -विद्यार्थीहरुले CA भाग B मध्ये एकको रूपमा विद्यालयलाई सामेल गरेका छैनन् भने उनीहरुलाई सहभागी DSS माध्यमिक विद्यालयमा CA भाग B स्थान विनियोजित गरिनेछैन।

**(5) प्रश्न NDSS secondary schools लागि भर्ना प्रक्रिया के छ?**

उत्तर NDSS secondary schools लागि, उनीहरुले आफ्नै प्रक्रिया र समय तालिका अनुसार विद्यार्थीहरु भर्ना गर्न सक्छन् र माध्यमिक विद्यालय स्थान विनियोजन (SSPA) प्रणाली मार्फत् विद्यार्थीहरु विनियोजन गरिने छैन। विद्यार्थीहरुले NDSS secondary schools आवेदन दिनसक्ने संख्यामा कुनै सीमितता छैन र भर्ना विद्यालयहरुद्वारा निर्धारित मापदण्ड अनुसार हुन्छ। NDSS secondary schools मे महिनाको सुरु सम्म सहभागी हुने सफल विद्यार्थीहरुको सूचि EDB लाई पेश गर्न आवश्यक छ । NDSS secondary schools सहभागी हुने विद्यार्थीको सफल सूचिमा समावेश भएका विद्यार्थीहरुलाई सहभागी हुने माध्यमिक विद्यालयहरुको S1 स्थानमा निर्धारण गरिने छैन, त्यस्ता आवेदक जो सफल DP आवेदकको रुपमा छनोट भएका सहित ।

## चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरु

**(6) प्रश्न चिनिया नबोल्ने (NCS) विद्यार्थीहरुका लागि विनियोजन व्यवस्था कस्तो छ?**

उत्तर प्रत्येक योग्य विद्यार्थीहरुले, उनीहरुको जात वा जन्म स्थानको बाबजुद, निष्पक्ष र पारदर्शी SSPA प्रणाली अन्तर्गत सार्वजनिक क्षेत्रको माध्यमिक विद्यालयहरुमा भर्नाको लागि समान अवसर आनन्दको साथ पाउँछन् । अर्को शब्दमा भन्नुपर्दा (NCS विद्यार्थीहरुको) साथसाथै चिनिया भाषी विद्यार्थीहरुलाई यस क्रियाविधि अनुसार S1 स्थानमा निर्धारण गरिनेछ । NCS विद्यार्थीहरुले DP चरणमा सहभागी हुने कुनै पनि दुई माध्यमिक विद्यालयहरुमा आवेदन दिन सक्नेछन् । CA चरणमा छनोट गर्नकालागि, उनीहरुले भाग A मा अधिकतम तीन वटा

विद्यालय नेटहरू र भाग B मा उनीहरूका आफ्नै विद्यालय नेटबाट अधिकतम तीस विद्यालयहरूको छनौट गरेर आफ्ना प्राथमिकताहरु पनि दर्शाउन सक्छन्।

विद्यालय स्थान निर्धारण शाखा
शिक्षा ब्यूरो
सेप्टेम्बर 2021